कार्यपालिका बैठक संख्याः १५१
बैठक मितिः २०८२/०७/०१
अध्यक्षताः नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं. १**

२०८२ सालको शुभ दिपावली, नेपाल सम्वत्, छैठ पर्व लगायत विभिन्त जातजाती भाषाभाषीहरुले मनाउने सम्पूर्ण चाडपर्वहरुको अवसरमा सम्पुर्ण नगरवासी, देश विदेशमा रहनु हुने नेपाली आमाबुबा, दाजुभाई तथा दिदी बहिनीहरुमा आपसी सद्भाव, भाइचरा सम्बन्ध कायम गर्दै सुस्वास्थ्य तथा उत्तरोतर प्रगतिको कामना गर्दै मंगलमय शुभ-कामना ब्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

जेनजी पुस्ताको नाममा भाद्र २३ र २४ गते भएको प्रदर्शन तथा आन्दोलनबाट भएको आगजानी, तोडफोड, लुटपाट र ध्वान्सात्मक गतिविधबाट नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा भएको भैतिक, जिन्सी, फायल तथा कागजातको क्षतिको विवरण पाना ८२ यस कार्यापालिकाको बैठकमा प्रस्तुत गरी जानकारी प्राप्त गरियो । सो क्षतिको सर्जमिन मुचुल्का इलाका प्रहरी कार्यालय इटहरी र वडा कार्यालयहरुको क्षतिको मुचुल्का सम्बन्धित प्रहरी कार्यालयहरुसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

जेनजी पुस्ताद्वारा २०८२ साल भाद्र २३ र २४ गते भएको आन्दोलन/प्रदर्शनमा इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र केही वडा कार्यालयमा आगजानी, तोडफोड र लुटपाट भएकोले कार्यालयमा रहेको फायल कागजातहरु समेत जलेको, हराएकोले क्षति हुन गइ फायल तथा कागजातहरु नस्ट भएकोले निर्माण सम्पन्न भएका योजनाहरु भुक्तानी दिन बाँकी योजनाको भुक्तानी दिन कठिनायी भएकोले सो सन्दर्भ नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नीतिगत निर्णयलाई केही समय पर्खने सो सम्बन्धी संघीय सरकारको नीतिगत निर्णय पश्चात तत्काल भुक्तानीको प्रकृया थालनी गर्ने निर्णय गरियो । यदि संघीय सरकारबाट नीतिगत निर्णय नभएको खण्डमा नष्ट भएका फायल तथा कागजातहरु एवं हराएको हकमा उपभोक्ता

समितिहरुसँग भएको सम्झौता कागजातको प्रतिलिपि माग गरी सर्जमिन मुचुल्का र प्राविधिक मुल्यांकन सहित पहिले भएको भुक्तानीको समेत एकिन गरी उपभोक्ता समितिहरुको भुक्तानी गर्ने साथै वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयबाट खरिद, मर्मत, इन्धन, पत्रपत्रिका तथा सञ्चार माध्यमलाई भुक्तानी हुन बाँकी भएकाको हकमा फर्महरुबाट विल भर्पाईको फोटोकपी सहित भुक्तानीका लागि निवेदन दिएमा त्यस्ता भुक्तानी दिन बाँकी भएका विल भर्पाईको प्रतिलिपि संलग्न राखी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिकाको मिति २०८२/०३/१० गतेका दिन नगरसभाको बैठकमा आ.व. २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेटमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको तर्फबाट उप प्रमुख श्री संगीता कुमारी चौधरीले प्रस्तुत गरे बापत बजेट प्रस्तुत कर्ता नगर उप प्रमुख श्री संगीता कुमारी चौधरीलाई रु १,५०,०००/- (अक्षरेपी एक लाख पचास हजार रुपैयाँ मात्र) रकम पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।सो नगरसभामा खटिएका कर्मचारीहरुलाई आधा महिना बराबरको तलब बापतको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

२०८२ सालको छैटको पर्व मनाउनका लागि छैट सेवा समितिलाई रु १० लाख सहयोग अनुमोदन गर्ने निर्णय गरियो । साथै वडा नं. १७ र १२ को छैट कार्यक्रमलाई रु एक लाख त्यसै वडा नं. ५ को छैट कार्यक्रमलाई रु पचास हजार दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

जेनजी आन्दोलनबाट इलाका प्रहरी कार्यालय इटहरी पूर्ण रुपमा क्षतिग्रस्त भएकोले इटहरी २० तरहरा रहेको चौकीमा विस्तावित भएकोले सार्वजनिक शान्ति सुरक्षालाई ध्यानमा राखि नगर प्रमुखस्तरीय निर्णयबाट ९ नं. वडाध्यक्ष श्री जितेन्द्र थापाको संयोजकत्वमा निर्माण भएको प्रहरी प्रशासन पुनस्थार्पना सहयोग समितिको हालसम्मको कार्य प्रगतिको विवरण जानकारी यस कार्यपालिकाको बैठकमा संयोजक मार्फत भएकोमा उक्त समितिलाई धन्यबाद दिदैं उक्त समितिले सिफारिस गरेको स्थान वडा नं. ९

रंगशालामा रहेको ज्येष्ट नागरिक खेलकुद भवन, जीवन विज्ञान योग केन्द्रलाई र अन्य भवनहरु समेत इलाका प्रहरी कार्यालय इटहरी सञ्चालनका निम्ति आवश्यक पर्ने संरचनाहरु निर्माणका निम्ती चालु आ.व. २०८२।०८३ को निति, कार्यक्रम तथा बजेटको मेयर कोष शिर्षकमा विनियोजित रकम रु १ करोड ६० लाख मध्येबाट रु ५४ लाख लागत ब्यहोर्ने गरी उपभोक्ता समिति मार्फत योजना सञ्चालन गर्ने निर्णय गरियो । साथै उक्त भवनहरुमा आवश्यक पर्ने खानेपानी र विधुत जडान तथा सञ्चालनका लागि ८ लाख र फर्निचर फिक्चर निर्माणका लागि ४ लाख गरी कुल १२ लाख रुपैयाँ मात्र चालु आ.व. २०८२।०८३ को निति, कार्यक्रम तथा बजेटको मेयर कोष शिर्षकमा विनियोजित रकम रु १ करोड ६० लाख मध्येबाट ९ नं. वडा कार्यालय मार्फत खरिद गर्ने निर्णय गरियो ।एवम् सार्वजानिक शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गर्दै इलाका प्रहरी कार्यालय इटहरी तत्काल पून: निर्माणको कार्य आरम्भ गर्नु पर्ने भएको हुँदा अस्थायी इलाका प्रहरी कार्यालय इटहरी मर्मत तथा निर्माण उपभोक्ता समिति इटहरीलाई माथि निर्णय भए बमोजिम रु ५४ लाख मध्येबाट हाललाई रु१५ लाख पेश्की दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

जेनजी आन्दोलनबाट नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी कोशी प्रदेश पूर्ण रुपमा क्षतिग्रस्त भई विस्तावित भएकोले उक्त भवन पून:निर्माणका लागि चालु आ.व. २०८२।०८३ को निति, कार्यक्रम तथा बजेटको मेयर कोष शिर्षकमा विनियोजित रकम रु १ करोड ६० लाख मध्येबाट उपभोक्ता समिति मार्फत रु २० (बीस) लाख रुपैयाँ मात्र लागत ब्यहोर्ने गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी कोशी प्रदेश र इलाका प्रहरी कार्यालयलाई अटो व्यवसायी प्रदिप सन्थलियाद्वारा उपलब्ध गराउने ४ थान विधुतीय टेम्फुको लागि आवश्यक पर्ने ब्याट्री, विधुतीय वायरिङ, साइरन र बिलबुक नविकरण शुल्क सहितको लागि लागत अनुमान अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

जेनजी पुस्ताको आन्दोलन पश्चात क्षतिग्रस्त इलाका प्रहरी कार्यालय इटहरीलाई अस्थायी रुपमा पुनर्स्थापना गरी प्रहरी कार्यालय व्यवस्थापन गर्नका निम्ति इटहरी ९ स्थित रंगशालामा रहेको जीवन विज्ञान योग केन्द्रलाई योग कक्ष मर्मत संभार गर्ने निर्णय गरियो ।